# बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच

*दिपक खनाल*
*उपप्राध्यापक*
*त्रि.वि., शिक्षा विकास तथा अनुसन्धान केन्द्र, बल्खु*
*dipakkhanal36@yahoo.com*

**लेखसार**

*प्रस्तुत लेख समाजमा पछाडि परेको दलित जाति भित्रको पनि दलित भनेर चिनिने बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँचको अवस्था विषयमा केन्द्रित छ । बादी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता, प्रमुख शैक्षिक समस्याहरू र शैक्षिक समस्याहरूलाई समाधान गर्ने उपायहरू खोजी गर्ने उद्देश्यले सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं. १० झुप्रा खोला किनाराको बादी बस्तीलाई आधार मानी २०७६ साल माघ र फागुन महिनामा अध्ययन क्षेत्रमा गई अवलोकन, सम्बन्धित सरोकारवाला पक्षसँग छलफल र अन्तर्वार्तामार्फत सूचना तथा जानकारीहरू प्राप्त गरिएको थियो । प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र विभिन्न संघसंस्थाका प्रतिनिधिका विचारहरूलाई विभिन्न सिद्धान्त र साहित्यसँग तुलना गरी निष्कर्ष निकालिएको छ । बादी समुदायको बाहुल्यता भएको ठाउँका विद्यालयहरूमासमेत उनीहरूको विद्यालयमा सहभागिताको अवस्था न्यून रहेको देखिन्छ । उनीहरूका प्रमुख शैक्षिक समस्याहरू गरिबी, जनचेतनाको अभाव कायमै रहनु र बालविवाह आदि छन् । चेतनामूलक र आयआर्जनमूलक कार्यक्रम सञ्चालन, भेदभावपूर्व वातावरणको अन्त्य गरी बालबालिकाहरूलाई विद्यालयमा दिवा खाजा र छात्रवृत्ति रकमको वृद्धि गरिनुका साथै सिपमूलक शिक्षा प्रदान गरी रोजगारीको सुनिश्चितता गर्नुपर्ने जस्ता कुराहरू अध्ययन क्षेत्रमा सम्बन्धित सरोकारवाला पक्षहरूले औंल्याएका छन् । अनुकूल वातावरण सृजना गरी बादी समुदायका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।*

**शब्दकुन्जी :** बादी समुदाय, विद्यालय शिक्षा, शिक्षामा पहुँच, गरिबी, सिपमूलक शिक्षा

## पृष्ठभूमि

शिक्षाबाट व्यक्तिले आफ्नो वातावरणलाई नियन्त्रण गरी परिवेशअनुसार प्रत्येक सम्भावनाको खोजी गरेर व्यावहारिक, सकारात्मक र प्रगतिशील परिवर्तनका लागि सहयोग पुऱ्याउँदछ । शिक्षा जीवनको पूर्वाधार हो । अत: प्रत्येक देशको उन्नति, प्रगति, विकास तथा समृद्धिका लागि हरेक जनताको आत्मबल अभिवृद्धि गरी चेतनाको विकासमार्फत सक्षम, योग्य र अनुशासित नागरिक तयार गर्ने काम शिक्षाले गर्न सक्नुपर्दछ । प्रत्येक बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक आदि पक्षमा ध्यान दिई उपयुक्त संस्कारको विकास गराउन शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

शिक्षा मानव सभ्यताको विकाससँगै एक पुस्ताबाट अर्को पुस्तामा रूपान्तरण हुँदै आएको पाइन्छ । नवीनतम् विधि र प्रविधिसहित शिक्षा लिने र दिने प्रचलन एक्कासि सुरु भएको होइन । प्राचीनकालमा नेपालमा गुरुकुल शिक्षा प्रणाली प्रचलनमा रहेको थियो । विद्यार्थीहरूले आफ्नो गच्छेअनुसार दक्षिणा लगेर गुरुकहाँ शिक्षा लिन जाने प्रचलन यस अवस्थामा थियो (शर्मा, २०६०) । शिक्षा क्रमश: विकसित हुँदै जाने क्रममा लिच्छवीकालमा आइपुग्दा धर्ममा आधारित शिक्षा दिइन्थ्यो । समाजलाई चार भागमा बाँडेर जातिअनुसारको शिक्षासमेत दिइन्थ्यो । जसअनुसार ब्राह्मणलाई वेद व्याकरण, ज्योतिष र कर्मकाण्डका विषयवस्तु सिकाइन्थ्यो । त्यस्तै, क्षेत्रीलाई शस्त्र अस्त्र, राजनीति र अर्थशास्त्र, वैश्यहरूलाई कृषि, पशुपालन र व्यापार गर्ने तरिका सिकाइन्थ्यो भने शुद्रहरूलाई सुन चाँदी, फलाम, छाला, काठ, माटो आदिका काम सिकाउने गरी शिक्षा दिने प्रचलन थियो (पौडेल, २०५५) ।

यसरी विकसित हुँदै एक्काइसौं शताब्दीसम्म आइपुग्दा विज्ञान, प्रविधि र सञ्चारका कारण विश्वका अन्य मुलुकहरूले शिक्षाकै माध्यमबाट धेरै उन्नति गरिरहेको अवस्थामा नेपालले भने अपेक्षित रूपमा फड्को मार्न सकिरहेको छैन । नेपालमा अझै पनि सबै सर्वसाधारणले सहज र सुगम तरिकाले शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । खास गरी दलित समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच न्यून देखिन्छ भने सोही समुदायभित्रको बादी समुदायका बालबालिकाहरू विद्यालय शिक्षा लिनबाट पछाडि परेका छन् ।

नेपालको संविधान (२०७२) को धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक, प्रत्येक नागरिकलाई

राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हकका साथै नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्न पाउने मौलिक हकको व्यवस्था गरेको छ ।

उक्त संविधानले शिक्षासम्बन्धी मौलिक हकका साथै धारा ३८ (५) मा महिलालाई शिक्षा, स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गरेको छ । त्यसैगरी धारा ३९ को उपधारा (२) मा बालबालिकाको हक सम्बन्धमा प्रत्येक बालालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको व्यवस्था गरिएको छ । सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हकको व्यवस्था गरिएको छ । त्यस्तै, उपधारा (९) मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था गरिएको छ । त्यसैगरी धारा ४२ (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी खाद्यान्न र सामाजिक, सुरक्षामा विशेष अवसर दिइने व्यवस्थासमेत गरिएको छ ।

शिक्षा क्षेत्रमा भएका नीतिगत, कानुनी, संस्थागत, कार्यक्रमगत र मानवीय विकासका प्रयासले यस क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको साक्षरता ५४.१ प्रतिशत रहेकोमा २०६८ को जनगणनाअनुसार साक्षरता प्रतिशतमा वृद्धि भई ६५.९४ प्रतिशत पुगेको देखिन्छ । जसमा पुरुष ७६.१ प्रतिशत २०५८ अनुसार नेपालको र महिला ५७.४ प्रतिशत रहेको छ । शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०४९ (संशोधनसहित) मा विद्यालयको स्थापना गर्दा नक्साङ्कनको आधारमा गर्नुपर्ने, प्रत्येक वडामा एउटा आधारभूत विद्यालय हुनुपर्ने, बढीमा एक घण्टाको दूरीमा विद्यालय हुनुपर्ने, दुर्गम स्थानमा मौसमी विद्यालय सञ्चालन गर्न पाउने व्यवस्थासमेत गरेको छ । यसरी हरेक व्यक्तिको पहुँचमा शिक्षा पुऱ्याउन राज्यले पहल गरिरहेको भए तापनि नेपालमा अझै पनि सर्वसाधारणले सहज रूपमा शिक्षा प्राप्त गर्न सकिरहेको अवस्था छैन । शिक्षा हुने खाने वर्गमै सीमित छ । शिक्षा कुनै सीमित

जातजाति र वर्गले मात्र प्राप्त गर्ने कुरा होइन । राष्ट्रको समग्र विकासको निम्ति सबै जात, जाति, वर्ग, धर्म, लिङ्ग र समुदायले प्राप्त गर्नु पर्दछ ।

नेपालमा बसोवास गर्ने १२५ जाति वा समुदायमध्ये बादी जाति एक सीमान्तकृत, पिछडिएको, आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा राजनैतिक रूपमा उत्पीडित समुदाय हो कमिट नेपाल (२०७६) । बादी जातिलाई घुमन्ते र फिरन्ते जातिको रूपमा महाभारत र रामायणका कथामा चित्रण गरिएको पाइन्छ । साथै, राजामहाराजाहरूको गाथा सुनाउँदै एउटा गाउँबाट अर्को गाउँ डुल्दै हिँड्ने मागी खाने जातिको रूपमा पनि उक्त जातिलाई चिनिन्छ । बादी शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न विचारहरू रहेको पाइन्छ । बादीहरूको पौराणिक पेसा वाद्यवादनका सामग्रीहरू बनाउने र प्रयोग गर्ने थियो । नाचगानमा वाद्यवादनका सामानहरू बजाउने वा प्रयोग गर्नेलाई वाद्यकार वा वाद्यवादक भनिन्छ भने नाच्ने र अभिनय गर्नेलाई पात्र भनिन्छ । त्यसैले वाद्यकार वा पात्र शब्दबाट बादी र पातर बनेको पाइन्छ । यौन व्यवसायमा लाग्ने महिलालाई पातर भनिन्थ्यो । पहिले बादी समुदायका महिला यौन व्यवसायमा लाग्ने गरेकोले उनीहरूलाई पातर भन्ने गरेको पाइन्छ (नेपाली, २०६३) । नेपाली बृहत् शब्दकोशमा बादीको अर्थ वाद्यवादनलाई बनाउने, फुक्ने, सुरिलो तालमा मनोरञ्जन दिने कुरा उल्लेख गरिएको छ तसर्थ साङ्गितिक बाजा बजाउने व्यक्तिका रूपमा बादीलाई लिन सकिन्छ (पोखरेल र अन्य, २०७२) । नेपालमा बादीको मूल थलोको विषयमा मत-भिन्नता रहेको पाइन्छ । कतिपयले बादी समुदायको मूल थलो सल्यान जिल्लालाई मानेका छन् भने कतिपयले भारतबाट बझाङ हुँदै जाजरकोट र रुकुमको मुसिकोटमा आएको कुरा उल्लेख गरेका छन् (मजगैया, २०५६) । यसरी हेर्दा बादी समुदायको उद्गम स्थलको रूपमा सल्यान, जाजरकोट, रुकुम र बझाङलाई लिन सकिन्छ भने विस्तारै नेपालका सबै जिल्लामा यिनीहरू विस्तार भई बसोवास गरेको अवस्था छ ।

बादी समुदाय नेपालको दलितभित्रको पनि अति पिछडिएको दलित, अछुत, अपहेलित एवं शोषणमा परेको गरिब समुदाय हो । उनीहरू अझै पनि राज्यको मूलधारमा समाहित हुन सकेका छैनन् । विगतका दिनमा बादीहरूलाई परम्परागत कला तथा संस्कृतिका धनी समुदायका रूपमा चिनिन्थ्यो । उनीहरूले गाउने गीत एवं नाच पनि सम्मानित थिए । बादी समुदायलाई पहाडी क्षेत्रका राजा रजौटा, मुखिया तथा जमिनदारहरूले विवाह एवं चाडपर्वहरूमा नाचगान तथा मनोरञ्जन दिलाउने प्रयोजनार्थ निमन्त्रणा गर्दथे । यसरी सम्मानजनक इतिहास बोकेको बादी समुदायलाई पछि आएर केही राजा रजौटा, मुखिया तथा जमिनदारहरूले उक्त समुदायका अविवाहित महिलाहरूलाई आर्थिक प्रलोभनमा पारी

यौनशोषण गर्न थाले । फलस्वरूप अशिक्षा, बेरोजगारी, गरिबी, वैकल्पिक सिपको कमीका कारण यौन पेसासमेत सञ्चालन गर्न बाध्य भएका कारण समाजमा उनीहरूलाई भेदभावपूर्ण व्यवहार गरी छुवाछुत एवं जातजन्य विभेदका साथै कठोर मानसिक यातनाबाट समेत प्रताडित गर्ने गरिएको पाइन्छ । बादी समुदायको परम्परागत पेसा नाचगान गर्ने र वाद्यवादनका सामग्रीहरू मादल, ढोल, तबला, आदि बनाउने, माछा मार्ने, जाल बुन्ने, सुल्पा, चिलिम रटरिया बनाउने हो । यिनीहरू विशेषगरी नदी किनारा, खोला छेउ र औजारमा बसी घुमन्ते जीवनयापन गर्ने गरेका छन् । बादी समुदाय हाल अल्पसंख्यक सीमान्तकृत समुदायको रूपमा रहेको छ ।

२०६८ को जनगणनाअनुसार बादी समुदायमा पुरुष १८,२९८ र महिला २०,३०५ गरी जम्मा ३८,६०३ जना रहेका छन् । नेपालको कास्की जिल्लामा सबैभन्दा बढी ४,०४६ जना बादीको संख्या रहेको छ भने सुर्खेतमा उक्त संख्या १,८५५ जना रहेका छन् । जिल्लागत रूपमा हेर्दा नेपालका करिब सबै जिल्लामा बादी समुदायको उपस्थिति रहेको देखिन्छ । यस समुदायको शैक्षिक स्थिति हेर्दा राष्ट्रिय साक्षरता औसत ६५ प्रतिशत हुँदा दलित समुदायको ५४ प्रतिशत र बादी समुदायको २५.४ प्रतिशत मात्र रहेको छ । बादी समुदायको कुल संख्याको ५ प्रतिशतले मात्र प्रवेशिका परीक्षा उत्तीर्ण गरेका छन् भने २ प्रतिशतले मात्र प्रमाणपत्र तह उत्तीर्ण गरेको देखिन्छ । त्यसैगरी ०.६६ प्रतिशत बादीहरूले स्नातक तह र न्यून संख्यामा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । यस समुदायका ८०.३४ प्रतिशत बालबालिका सरकारी विद्यालयमा जान्छन् भने ३७ प्रतिशत बालबालिका शुल्क तिर्न नसकेर बिचैमा कक्षा छाड्ने गरेको देखिन्छ (कमिट नेपाल, २०७६) । यसरी हेर्दा अन्य दलित समुदायसँग तुलना गर्दासमेत बादी जाति शिक्षामा निकै पछि परेको र राज्यले शिक्षा क्षेत्रमा प्रदान गरेको सेवा सुविधामा पहुँच नपुगेको देखिन्छ ।

शिक्षा प्राप्त गर्नु व्यक्तिको मौलिक अधिकारका साथै अपरिहार्य आवश्यकता हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) ले प्रत्येक व्यक्तिलाई आधारभूत तहसम्म नि:शुल्क र अनिवार्य शिक्षाको अधिकारलाई प्रत्याभूत गरेको छ । तर समान रूपले शिक्षा पाउने हकबाट नेपाली बादीहरू वञ्चित हुनु परिरहेको छ । जसको प्रमुख कारण गरिबी देखिन्छ । विगतमा यौन पेसा गर्ने बादीहरू विस्तारै अन्य पेसामा संलग्न हुन थालेको देखिन्छ । उदाहरणको रूपमा खोलाका किनारामा बसी दैनिक रोजीरोटीका

लागि गिट्टी कुट्ने र बालुवा चाल्ने कामलाई लिन सकिन्छ । यस बादी समुदायको जीविकोपार्जनको लागि गतिलो एवं भरपर्दो विकल्प भने देखिएको छैन ।

यो अनुसन्धानमूलक लेख मूलत: सुर्खेत जिल्लामा केन्द्रित छ । सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नम्बर.१० झुप्राखोला आसपासमा रहेका बादी बस्ती, उनीहरूका बालबालिकाहरूले अध्ययन गर्ने विद्यालय र खोला किनारामा बालुवा चाल्ने बादी बालबालिकाहरूसँग छलफल अन्तरक्रिया र अन्तर्वार्ता गरी उनीहरूको वर्तमान शैक्षिक अवस्था, विद्यालय शिक्षामा उनीहरूको पहुँच, उनीहरूका शैक्षिक समस्या र विद्यालयमा उनीहरूको पहुँच अभिवृद्धि गर्ने उपायहरूको खोजी गरी सम्बन्धित सरोकारवालासँगसमेत छलफल गरी समाजमा पछाडि परेको दलित समुदायभित्र पनि अति पिछडिएको बादी जातिका बालबालिकाहरूलाई विद्यालयको औपचारिक शिक्षामा पहुँच पुऱ्याउनेतर्फ यो लेखलाई केन्द्रित गरिएको छ ।

## समस्याको कथन

शिक्षा प्राप्त गर्न पाउनु प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो । शिक्षाले व्यक्तिको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराउन सक्नुपर्दछ । नेपालको सन्दर्भमा देशमा राजनीतिक परिवर्तन भई लोकतान्त्रिक गणतन्त्रको स्थापना भइसकेको अवस्थामासमेत देशका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु लाज लाग्दो विषय हो । कार्य योजनाको तर्जुमा गर्नु मात्र पूर्ण हुँदैन, यसको कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउन अनुगमन, मूल्यांकन र उचित प्रोत्साहनको व्यवस्था र प्रयोग उत्तिकै खाँचो भएकोले त्यसतर्फ पनि यथेष्ट ध्यान पुऱ्याउन सकिएमा शिक्षाको उद्देश्य प्राप्त हुन सक्दछ (उपाध्याय, २०६७) । बालअधिकार महासन्धि र बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा समेत बालबालिकाहरूलाई शारीरिक, मानसिक वा अन्य प्रकारको शोषण विरुद्धको हक हुने र प्रत्येक बालबालिकाले शिक्षा प्राप्त गर्न पाउनु उसको नैसर्गिक अधिकार हुने कुरा उल्लेख गरिएको छ ।

नेपालको वर्तमान अवस्थालाई हेर्दा सरकारले पर्याप्त संख्यामा विद्यालयहरू स्थापना गरी सबैका लागि शिक्षा, हाम्रो सामुहिक प्रतिबद्धता भन्ने नारासहित दलित एवं अल्पसंख्यक जातिका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरी नि:शुल्क एवं अनिवार्य आधारभूत शिक्षा सञ्चालन गरेको छ । त्यसैगरी विभिन्न गैर सरकारी संस्थाहरूले समेत दलित, अल्पसंख्यक एवं पिछडिएको क्षेत्रमा पर्याप्त शैक्षिक लगानी गरी शैक्षिक गतिविधि सञ्चालन गरिरहेका छन् । तर पनि सबै बादी बालबालिकाहरू विद्यालय शिक्षाको

पहुँचमा पुग्न सकिरहेका छैनन् । किन सबै बादी बालबालिकाहरू विद्यालयको औपचारिक शैक्षिक प्रक्रियामा सामेल हुन सकिरहेका छैनन् ? के कस्ता समस्याका कारण उनीहरूलाई शिक्षा प्राप्त गर्न अप्ठ्यारो परिरहेको छ ? उनीहरूलाई विद्यालय शिक्षाको पहुँच पुऱ्याउन के उपाय अपनाउन सकिएला ? जस्ता थुप्रै अनुत्तरित प्रश्नहरू जसको वास्तविक उत्तर यस अध्ययनमा खोजी गर्ने प्रयास गरिएको छ । एकातिर लगानी र मेहनत बढी छ भने अर्कोतर्फ उपलब्धि न्यून छ । यस्तो खाडल रहनुको कारण खोजी गर्ने कार्य उल्लेख्य मात्रामा भएको नपाइएकोले यस अध्यनले यस्ता विविध समस्याको समाधान गर्ने उद्देश्यका साथ प्रस्तुत विषयको उठान गरी विश्लेषण गरिएको छ ।

## अध्ययनको औचित्य

कुनै पनि विषयवस्तुमा गहिरिएर अध्ययन एवं अनुसन्धान गर्नु निश्चय पनि चुनौतीपूर्ण कार्य हो । जुनसुकै अध्ययनको पनि मुख्य उद्देश्य भनेकै नयाँ कुरा पत्ता लगाई त्यसको कार्यान्वयन गर्नु हुन्छ । यस अध्ययनमा पनि विद्यालय शिक्षामा पहुँच पुग्न नसकेका बादी समुदायका बालबालिकाहरूले सहज रूपमा विद्यालयमा गई अध्ययन गर्न सक्ने अवस्थाको अपेक्षा गरिएको छ । त्यसैगरी बादी समुदायमा चेतनाको विकास भई उनीहरूको आर्थिक अवस्थामा सुधार हुने छ भने स्वास्थ्यसम्बन्धी सचेतना प्राप्त हुने छ । जसका कारण बादी समुदाय शिक्षित, सभ्य र सुसंस्कृत भई समुदाय, समाज र राष्ट्रको उन्नति र भलाई हुने कुरामा विश्वस्त हुन सकिन्छ । बादी समुदायका अभिभावकहरूसमेत साक्षर हुने अवसर प्राप्त भई देशको साक्षरता प्रतिशत वृद्धिमा टेवा पुऱ्याउने छ । उपर्युक्त विविध कारणले गर्दा बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँचको बारेमा अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य देहायबमोजिम छन् :

(क) बादी समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँचको अवस्था पहिचान गर्नु,

(ख) बादी समुदायका बालबालिकाहरूका शैक्षिक समस्याहरूको खोजी गर्नु,


(ग) बादी समुदायका बालबालिकाहरूलाई विद्यालयमा सहज रूपमा पहुँच पुऱ्याउने उपायहरू पत्ता लगाउनु ।

## अध्ययनको परिसीमा

कुनै पनि अध्ययनलाई निश्चित क्षेत्रभित्र सीमित गरियो भने अध्ययनको गहिराइसम्म पुगी नयाँ तथ्यहरू प्राप्त गर्न सकिन्छ । समय, स्रोत र साधनलाई मध्यनजर गर्दै प्रस्तुत अध्ययनलाई सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकाको १० नम्बर वडाअन्तर्गत बादी समुदाय बसोवास गर्ने झुप्रा खोलाको बादी वस्तीमा केन्द्रित गरिएको छ । जसअन्तर्गत बादी समुदायका बालबालिकाहरू अध्ययन गर्ने नवजीवन आधारभूत विद्यालय, चन्द्रज्योति माध्यमिक विद्यालय र शिव माध्यमिक विद्यालयलाई आधार मानी बादी बालबालिकाहरू, उनीहरूका अभिभावकहरू, उक्त विद्यालयका प्रधानाध्यापकहरू एवं शिक्षकहरूबाट जानकारी प्राप्त गरिएको छ । प्रस्तुत अध्ययनको जानकारी संकलन २०७६ साल माघ र फागुन महिनामा गरिएको हो । बादी समुदायको विद्यालय शिक्षामा पहुँच छ कि छैन भनी विद्यालयमा अवलोकन विधि प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट विविध सूचना संकलन गरी अर्थपूर्ण सार आउने गरी विश्लेषण गरिएको छ ।

## अध्ययनको सैद्धान्तिक ढाँचा र सम्बन्धित साहित्यको समीक्षा

यस अध्ययनलाई पूर्णता दिनको लागि अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोको आवश्यकताको सोपानसम्बन्धी सिद्धान्त (१९४३) लाई मार्गदर्शनको रूपमा लिइएको छ । मास्लोले व्यक्तिका विभिन्न आवश्यकताहरू प्राथमिकताको सोपानमा रहने कुरा बताएका छन् । सबैभन्दा पहिले व्यक्ति तल्लो तहको आवश्यकता पूर्तितर्फ उत्प्रेरित हुन्छ । तल्लो तहको आवश्यकताको न्यूनतम मात्रामा पूर्ति भएपछि मात्र व्यक्ति माथिल्लो तहको आवश्यकता पूर्तिको लागि उत्प्रेरित हुन्छ । मास्लोका उक्त सिद्धान्तलाई निम्नानुसारको चित्रमा प्रस्तुत गरिएको छ ।




*चित्र १ मास्लोको आवश्यकताको सृङ्खला*

बादी समुदायका बालबालिकाहरूलाई सिकाइमा जागरुक एवं उत्प्रेरित बनाउन उल्लिखित चरणबद्ध आवश्यकताहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । जबसम्म गाँस, वास र कपासको आवश्यकता परिपूर्ति हुँदैन तबसम्म व्यक्ति शिक्षा, स्वास्थ्य र त्यसपछिका आवश्यकतासम्म पुग्न सक्दैन । आफ्ना आधारभूत आवश्यकता पूरा भएपछि मात्र व्यक्ति शिक्षा प्राप्तितर्फ उन्मुख हुने गर्दछ । अध्ययन क्षेत्रमा बादी समुदायका बालबालिकाहरू आफ्ना न्यूनतम आवश्यकता परिपूर्ति हुन नसकेर विद्यालयको पहुँचसम्म पुग्न नसकेको अवस्थामा मास्लोको आवश्यकताको सोपानसम्बन्धी सिद्धान्तलाई मार्गदर्शनको रूपमा लिइएको छ ।

त्यसैगरी यस अध्ययनलाई पूर्णता दिनको लागि विषयवस्तुसँग सम्बन्धित पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्त (१९७०) लाई समेत आधार मानिएको छ । यस सिद्धान्तमा पाउलो फ्रेरेले शिक्षा समाजका टाठाबाठाहरूका लागि मात्र नभई उत्पीडितहरूका लागि हुनुपर्ने कुरा उल्लेख गर्दै समुदायको हरेक पक्ष र तहमा जनचेतना फैलाउने कार्य गर्न सक्नुपर्ने कुरा उल्लेख गरेका छन् । यसका अतिरिक्त प्रस्तुत अध्ययनमा विभिन्न विद्वानहरूका लेख, रचना र विभिन्न किसिमका प्रतिवेदनहरूको समेत अध्ययन गरी समीक्षा गर्नुका साथै विभिन्न नीति, नियम, विनियम तथा प्रतिवेदनहरूसँग तुलना गरी विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच शीर्षकमा आधारित छ । यस अध्ययनमा परिमाणाात्मक एवं गुणात्मक अर्थात् मिश्रित ढाँचाको प्रयोग गरिएको छ । जसमा विभिन्न किसिमका अनुसन्धनात्मक प्रश्नहरू, अवलोकन फाराम, प्रश्नावली, अन्तरवार्ता, छलफलका साथै द्वितीयक स्रोतबाटसमेत प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ । उद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरी सुर्खेत जिल्लाको वीरेन्द्रनगर १० झुप्राखोला नजिक रहेको बादी समुदायलाई नमुनाको रूपमा छनौट गरिएको छ । अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई बादी समुदायका बालबालिकाहरू अध्ययन गर्ने विद्यालयको अवलोकन गर्नुका साथै उनीहरूको विद्यालयमा पहुँचको अवस्था पहिल्याउन विभिन्न विद्यालयका शैक्षिक तथ्याङ्कहरूको अध्ययन गरियो भने खोला किनारामा गिट्टी कुट्ने र बालुवा चाल्ने बादी समुदायका बालबालिका र उनीहरूका अभिभावकसँग छलफल र अन्तर्वार्ता गरिएको छ । बादी बालबालिकाहरूका शैक्षिक समस्यामा केन्द्रित भई प्राप्त जानकारीलाई विभिन्न सिद्धान्त, विचार, ऐन, नियम, आदिसँग तुलना गरी अर्थपूर्ण सार आउने गरी त्रिकोणात्मक एवं बहुकोणात्मक विश्लेषण गरिएको छ ।

## विश्लेषण

बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच शीर्षकको अध्ययनलाई पूर्णता दिनको लागि नमुना छनोटमा परेको जनसंख्याबाट अन्तर्वार्ता, प्रश्नावली, छलफल, अन्तरक्रिया, अवलोकन, विभिन्न दस्तावेजहरूको अध्ययन एवं विश्लेषण गरी प्राप्त तथ्याङ्कलाई उद्देश्यअनुसार विभिन्न उपशीर्षक, आवश्यकताअनुसार तालिका एवं चित्र

प्रयोग गरी प्रत्येक उपशीर्षकहरूमा त्रिकोणात्मक एवं बहुकोणात्मक विश्लेषण गरी विभिन्न सिद्धान्त र साहित्यसँग तुलना गरी निष्कर्ष निकालिएको छ ।

## बादी समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच

नेपालका बादी समुदाय ज्यादै गरिब र दयनीय अवस्थामा रहेको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । उनीहरूको जग्गा जमिन नभएकाले, ज्याला मजदुरी गरी जीविकोपार्जन गर्न बाध्य छन् । झण्डै ७५ प्रतिशत बादी जातिलाई खाना पुग्दैन भने २५ प्रतिशत बादीलाई मात्र वर्षभरि खान पुग्दछ । ५३.९५ प्रतिशत बादीहरू कामको खोजीमा देशभित्र भौतारिरहेका छन् भन्ने ८ प्रतिशत भारतमा आर्थिक आयआर्जनको लागि जाने गरेको देखिन्छ (किसान, २०७१) । यसरी चरम गरिबीका कारण बादी समुदायका मानिसहरू शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । प्रस्तुत अध्ययनक्षेत्र बीरेन्द्रनगर नगरपालिका वडा नम्बर १० झुप्रा खोलाका बादी समुदायका बालबालिकाहरू पनि आर्थिक अवस्था ज्यादै कमजोर भएका कारण राज्यबाट प्रदान हुँदै आएको शैक्षिक सुविधाहरू उपभोग गर्न सकिरहेका छैनन् । यस क्षेत्रका सबै बालबालिकाहरू विद्यालयमा भर्ना हुन सकेका छन् वा छैनन्, उनीहरूका प्रमुख शैक्षिक समस्याहरू के के छन् र ती समस्या समाधान कसरी गर्न सकिन्छ भन्ने उद्देश्यका साथ गरिएको यस अध्ययनमा बादी बालबालिकाहरूको विद्यालयमा सहभागिताको अवस्था अध्ययन गरिएको थियो । जसलाई निम्नानुसार तालिका १ मा उल्लेख गरिएको छ :

**तालिका १ : बादी बालबालिकाहरूको विद्यालयमा भर्ना**

| कक्षा | शिव मा.वि. धुलियाविट | | | नवजीवन आधारभूत विद्यालय झुप्रा | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ई.सि.डि. | ३ | १ | ४ | ९ | ९ | १८ |
| १ | - | - | - | १० | ६ | १६ |
| २ | १ | २ | ३ | ३ | ४ | ७ |
| ३ | - | १ | १ | ६ | ३ | ९ |
| ४ | १ | २ | ३ | २ | - | २ |
| ५ | १ | २ | ३ | ३ | २ | ५ |
| ६ | २ | ५ | ७ | - | - | - |
| ७ | - | - | - | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ५ | ३ | ८ | - | - | - |
| ९ | १ | २ | ३ | - | - | - |
| १० | - | ५ | ५ | - | - | - |
| ११ | १ | ३ | ४ | - | - | - |
| १२ | - | - | - | - | - | - |
| **जम्मा** | **१५** | **२६** | **४१** | **३३** | **२४** | **५७** |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

उल्लेखित तालिका १ लाई विश्लेषण गर्दा शिव मा.वि. धुलिया विटमा १५ जना छात्र र २६ जना छात्रा गरी जम्मा ४१ जना बादी बालबालिकाहरू अध्ययनरत छन् भने नवजीवन आधारभूत विद्यालय झुप्रामा ३३ जना छात्र र २४ जना छात्रा गरी जम्मा ५७ जना बालबालिकाहरू अध्ययनरत भएको देखिन्छ । तर पनि यस अध्ययन क्षेत्रमा विद्यालय उमेरका थुप्रै बालबालिका विद्यालयको पहुँच बाहिर रहेका छन् ।

पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्तले भनेझैं समाजलाई सशक्तीकरणमार्फत शिक्षित बनाउँदै उत्पीडितहरूका लागि शिक्षा दिनुपर्दछ । यसो भएमा मात्र समाजमा दबिएका र हेपिएका जाति सचेत भई शिक्षा प्राप्त गर्न सक्दछन् । यस अध्ययन क्षेत्रमासमेत सामाजिक हिसाबले पछाडि परेका बादी जातिहरू सरकार र विभिन्न संघसंस्थाहरूमार्फत सचेतीकरण गरी शिक्षा प्राप्तिमा उत्प्रेरित भएको देखिन्छ । गरिबीका कारण आवश्यक पर्ने पाठ्यसामग्री किन्न नसक्दासमेत केही अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पढ्न पठाएको जानकारी गराए । बादी बालबालिका अध्ययनरत विद्यालयका प्र.अ.हरूसँग छलफल गर्दा पहिलेको तुलनामा अहिले सोचाइमा परिवर्तन आएकोले अधिकांश अभिभावकले आफूले दुःखकष्ट सहेर पनि आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पठाउने गरेको तर पनि केही विद्यालय उमेरका बालबालिकाहरू अझै पनि विद्यालयबाहिर रही दैनिक ज्याला मजदुरी गर्न परेका कुरा उल्लेख गरे । यसै सन्दर्भमा बालुवा चालिरहेका विद्यालय जान नसकेका एकजना बाल मजदुरको गुनासो यस्तो रहयो :

> “घरमा भाइबहिनी धेरै छौं । बुबा आमाको जागिर छैन सबै विद्यालय गएमा घरमा खाने कुराकोसमेत समस्या हुने भएकोले मैले पढ्न छाडे । दैनिक गिटी कुट्ने र बालुवा चाल्ने काम गर्दछु । बुबा आमालाई यसै काममा सघाउँछु । कक्षा ५ सम्म पढेर विद्यालय जान छोडेकी छु । अहिले दैनिक दुई तीन सय

जति कमाइ हुन्छ । त्यसबाट भाइबहिनीलाई विद्यालयमा पठाउन सजिलो भएको छ ।"

उक्त भनाइबाट के स्पष्ट हुन्छ भने मास्लोको आवश्यकतासम्बन्धी सिद्धान्त (१९४३) ले भने झैं व्यक्ति आफ्ना तल्लो तहका आवश्यकता पूरा नगरी माथिल्लो तहका आवश्यकतासम्म पुग्न सक्दैन । यस अध्ययन क्षेत्रमासमेत गाँस, वास र कपासको समस्या समाधान हुन नसक्दा बादी समुदायका बालबालिकाहरू सहज रूपमा विद्यालय गई शिक्षा प्राप्त गर्नमा वञ्चित हुनुपरेको देखिन्छ ।

## बादी समुदायका बालबालिकाहरूका शैक्षिक समस्याहरू

बादी समुदायको आफ्नै जग्गा जमिन छैन । उनीहरू समाजमा धेरै पछाडि परेका छन् । समाजमा उनीहरूको कतै पहुँच छैन । खेती किसान व्यापार व्यवसाय, जागिर जस्ता पेसा व्यवसायमा उनीहरूको संलग्नता नभएका कारण उनीहरू ज्याला मजदुरी गरी आफ्ना बालबालिकाहरूलाई मुस्किलले पालनपोषण गर्ने गरेका छन् । गरिबी, बेरोजगारी, अशिक्षा, चेतनाको अभाव, सामाजिक विभेद, भूमिहीनता, छिटो विवाह, विभेदपूर्ण व्यवहार, घरायसी कामको बोझ जस्ता थुप्रै समस्याहरू यस अध्ययन क्षेत्रमा सरोकारवाला पक्षहरूले औंल्याएका थिए । यसका आधारमा बादी बालबालिकाहरूले शिक्षा प्राप्त गर्न आइपरेका प्रमुख शैक्षिक समस्याहरू निम्नानुसार छन् :

## गरिबी

हरेक कार्यको सफलता र असफलतामा आर्थिक अवस्थाले निर्णायक भूमिका खेलेको हुन्छ । गरिबीका कारण खान र लाउनको समस्यामा परेका बादी बालबालिकाहरू शिक्षा प्राप्त गर्नबाट वञ्चित हुनुपरेको छ । घरको रोजीरोटीको लागि मजदुरी गर्न जानुपर्ने भएकाले माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक क्रियाकलापमा समस्या भएको छ । त्यसैगरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूका अभिभावकहरू बिहानैदेखि काममा जानुपर्ने भएकाले विद्यालयमा खाना नखाएर जाने गरेको कुरा प्र.अ.ले बताए । जागिर, खेती गर्ने जग्गा आदि नभएकाले मजदुरी नगरे छोराछोरीलाई के खुवाउने भन्ने अभिभावकहरूको प्रतिक्रिया थियो । मास्लो (१९४३) को सिद्धान्तले देखाए जस्तै गरिबीका कारण बादी समुदायका बालबालिकाहरूको आधारभूत आवश्यकता पूरा नभएकाले शिक्षामा पहुँच पुग्न सकेको छैन । यसरी अध्ययन क्षेत्रका अधिकांश

बालबालिकाहरूलाई गाँसवासकै समस्या देखिन्छ । न जमिन छ न घर छ खान लाउन र बस्नको समस्या हुँदा पढाइ लेखाइमा उनीहरूको ध्यान जान सकेको छैन ।

## जनचेतनाको अभाव

बादी बालबालिकाहरूका अधिकांश अभिभावकहरू निरक्षर छन् । उनीहरूमा शिक्षाको आवश्यकता र महत्त्व स्पष्ट नभएको कारण शिक्षाप्रतिको चासो कमै मात्रामा भएको देखिन्छ । अर्कोतर्फ छोराछोरी प्रतिको सोचाइ, दृष्टिकोण र व्यवहारमासमेत अभिभावकको भूमिका फरक पाइयो । अध्ययन क्षेत्रमा लैङ्गिक भेदभाव एवं चेतनाको अभावमा छोराछोरीमा समानता नभएको देखिन्छ । पाउलो फ्रेरे (१९७०) ले शिक्षाले समुदायका उत्पीडित वर्गको वकालत गर्नुपर्ने बैंकिङ्ग पद्धतिमा आधारित र सम्भ्रान्त वर्गको लागि मात्र नभई दैनिक जीवनका समस्या समाधान गर्न र हक अधिकार प्राप्त गर्न सकिने हुनुपर्ने बताएका छन् । त्यस्तै, उनले शिक्षामार्फत् समुदाय सशक्तीकरण प्रविधि विकासको माध्यमबाट शिक्षकले विद्यार्थीलाई शिक्षा हस्तान्तरण गर्न सक्नु पर्दछ भन्ने कुरा आफ्नो सचेतीकरणको सिद्धान्तमार्फत उल्लेख गरेका छन् । यस अध्ययन क्षेत्रमा फ्रेरेले भने झैं बादी समुदायका व्यक्तिहरूमा चेतना अभिवृद्धि गरी आफ्ना बालबालिकाहरूलाई समान रूपले शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न उत्प्रेरित गर्नेतर्फ सरोकारवाला पक्षले विशेष पहल गर्नुपर्ने देखिन्छ । सेरिड (२००३) को अध्ययनमा विद्यालय उमेर समूहका करिब ८० प्रतिशत बालिकाहरू विद्यालयबाहिर रहेकाले जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरी उनीहरूलाई विद्यालयको पहुँचसम्म पुऱ्याउने सुझाव दिइएको छ । यस अध्ययन क्षेत्रमा पनि सेरिडले भनेझैं केही बालबालिकाहरू विद्यालयको पहुँचभन्दा बाहिर रहेकाले जनचेतना अभिवृद्धि गरी विद्यालय उमेर समूहका बादी बालबालिकाहरूलाई विद्यालयको पहुँच पुऱ्याउनुपर्दछ ।

## परम्परागत पेसा पलायन

बादी समुदायको परम्परागत पेसा माछा मार्ने, माटाका सामग्री निर्माण गर्ने जस्ता कार्यहरू हुन् । यो समुदायको कला र सिपलाई तत्कालीन समाजले मनोरञ्जनका रूपमा मात्र लिएको पाइन्छ । उनीहरूको कला र सिपलाई संरक्षण र सम्बर्द्धन नगर्दा उनीहरूले अवलम्बन गर्दै आइरहेको पेसा नै पलायन हुन गई उनीहरू घर न घाटको भएको पाइन्छ । उनीहरूले आफ्नो पेसामा आधुनिकीकरण गर्न नसकेको साथै राज्यलेसमेत यस विषयमा चासो नदिएको देखिन्छ । केही पढेलेखेका व्यक्तिहरूले समेत आफ्नो परम्परागत

पेसालाई निरन्तरता दिन नसकेको देखियो । परम्परागत पेसालाई निरन्तरता नदिनुको कारण के हो भन्ने प्रश्नको जवाफमा एकजना बादी अभिभावकको भनाइ यस्तो थियो :

> "विद्यालयको पढाइ र हाम्रो पेसाको तालमेल मिलेन । हाम्रो पेसा नाचगान गर्ने, मादल बजाएर बेच्ने हो । त्यो कुरा विद्यालयमा पढाइएन । आधुनिक वाद्यवादनका सामाग्रीहरूसँग हामी प्रतिस्पर्धा गर्न सकेनौं । हामीले बनाएका मादलहरू बजारमा बिक्री हुन छाडे । हाम्रा नाचगानसमेत समाजले मन नपराएपछि हामी बाध्य भएर पेसा नै छाड्ने अवस्थामा पुग्यौं ।"

यसरी आफ्नो पुर्ख्यौली पेसा नै पलायन भएर अरु पेसा अपनाउनुपर्दा उनीहरूलाई धेरै नै समस्या भएको देखियो । हाल उनीहरूले गर्ने काममासमेत स्थायित्व छैन । खोलाको किनारामा बसेर बालुवा चाल्दै गरेका बालबालिकाहरूसँग कुरा गर्दा उनीहरूले हिउँदमा बालुवा चाल्ने र गिट्टी कुट्ने काम गरे तापनि वर्षाको समयमा भने त्यो काम गर्न नसक्ने र कोही कामको खोजीमा भारत र कोही सुर्खेत स्थित बाबियाचौर, दैलेख जिल्लामा गई अन्य मजदुरी गर्नुपर्दा आफ्नो शिक्षा पछाडि परेको साथै शिक्षामा निरन्तरता दिन नसकेको बताए । कमिट नेपाल (२०७६) ले बादी समुदायको परम्परागत पेसा संरक्षणमा राज्यले पहल गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यस अध्ययन क्षेत्रमा पनि राज्यले उनीहरूको परम्परागत पेसालाई संरक्षण गर्न सकेमा उक्त समुदायका बालबालिकाहरूले नियमित विद्यालयमा गई पठनपाठन गर्न सक्ने देखिन्छ ।

### जातीय भेदभाव

अध्ययन क्षेत्रका विद्यालयहरूमा विद्यार्थीहरूबिच केही मात्रामा भए पनि जातीय विभेद कायमै रहेको पाइयो । जसले गर्दा बादी बालबालिकाहरूमा आत्मविश्वास र हिनताबोधका कारण विद्यालय नै छाड्नुपरेको कुरा केही बादी बालबालिकाहरूले बताए । यसै सन्दर्भमा विद्यालयका प्र.अ. एवं शिक्षकहरूसँग जिज्ञासा राख्दा शिक्षक एवं कर्मचारीहरूबाट विभेद नभएको भए तापनि केही विद्यार्थीहरूले बादी बालबालिकाहरूलाई कहिलेकाहीँ त्यस्तो व्यवहार गर्ने गरेको स्वीकार गरे । तर आफूहरू त्यस्तो विभेद अन्त्य गर्न प्रयासरत रहेको कुरा पनि उनीहरूले उल्लेख गरेका थिए । नेपालको संविधान (२०७२) मा समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने, जातीय, क्षेत्रीय र भाषिक विभेदको अन्त्य गर्ने, धर्म, वर्ण, जातजाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने, सामाजिक रूपले पछाडि परेका समुदायलाई राज्यका विभिन्न निकायमा सहभागी हुन पाउने, परम्परागत ज्ञान, सिप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई

संरक्षण गर्ने, समाजमा विद्यमान धर्म, प्रथा परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने जस्ता कुराहरू उल्लेख गरिएको छ । संविधानमा उल्लेख भए झैं अध्ययन क्षेत्रमा पनि सबै खालका विभेदको अन्त्य गरी स्वच्छ शैक्षिक वातावरण निर्माण गर्नुपर्दछ ।

## छिटो विवाह

बादी जातिका व्यक्तिहरू एकातर्फ शिक्षाको आवश्यकता र महत्त्वबारे जानकार नभएका कारण शिक्षाप्रति त्यति चासो राखेको पाइँदैन भने अर्कोतर्फ आर्थिक अवस्था कमजोर भएकाले चासो भएर पनि सहज रूपमा विद्यालय जाने वातावरण नभएको अवस्था छ । त्यसैगरी उनीहरूमा चेतनाको कमी रहेको समेत पाइयो । अध्ययन क्षेत्रमा अध्ययनरत बादी समुदायका बालबालिकाहरूको वैवाहिक स्थितिका बारेमा चासो राख्दा २ जना बालिका कक्षा ६ मा पढ्दापढ्दै विवाह भएर पढ्न छाडेको साथै कक्षा ८, ९ र १० मा पढ्ने छात्राहरू पनि १२, १४ वर्षमै विवाह भएकोले घरायसी काम गरी विद्यालयमा पढ्न आउँदा ज्यादै समस्या भएको कुरा बताए । मुलुकी ऐन (२०७४) मा विवाहको उमेर २० वर्ष हुनुपर्ने कुरा उल्लेख गरिएको भए तापनि अध्ययन क्षेत्रका बालबालिकाहरूमा त्यसको कार्यान्वयन हुन सकेको छैन । जसको प्रमुख कारण गरिबी र जनचेतनाको अभाव देखिन्छ ।

## बादी समुदायका बालबालिकाहरूलाई विद्यालयमा सहज रूपमा पहुँच पुऱ्याउने उपायहरू

बादी समुदाय दलितभित्रको पनि दलित जाति भएकोले हरेक समस्याहरूबाट ग्रस्त छ । गरिबी, सामाजिक विभेद, छुवाछुत, भेदभाव आदि हरेक पक्षबाट उनीहरू पछाडि परेका छन् । अध्ययन क्षेत्रका विभिन्न सरोकारवाला पक्षहरूसँग छलफल एवं अन्तरक्रिया गरी प्राप्त सूचनाको आधारमा बादी समुदायका बालबालिकाहरूलाई विद्यालयमा सहज रूपमा पहुँच पुऱ्याउने मुख्य उपायहरूलाई निम्नानुसार औंल्याइएको छ :

## आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने

हरेक व्यक्ति आफ्नो न्यूनतम आवश्यकता पूरा नभएसम्म अन्य आवश्यकताहरूमा जान सक्दैन । अध्ययन क्षेत्रमा कतिपय बालबालिका विद्यालयमा भर्ना भएका छन् । उनीहरू भोकै विद्यालय जान्छन् । कापी कलमसमेत आफैले किन्ने अवस्था नभएकाले विभिन्न संघ संस्थाको सहयोगमा स्टेसनरी र पोसाक पाएका छन् भने कतिपय विद्यालय जान छाडेर

खोलाको किनारमा गिट्टी कुट्ने र बालुवा चाल्ने काम गर्दछन् । त्यसैगरी १४-१५ वर्षकै उमेरमा विवाह गर्न बाध्य बालबालिकाहरूलाई पढ्ने लेख्ने चाहना हुँदाहुँदै पनि पाइरहेका छैनन् । यो सबै गरिबी वा कमजोर आर्थिक अवस्थाको कारण भएको हो । मास्लो (१९४३) ले मानिसका आधारभूत आवश्यकता पूरा नभई सामाजिक आवश्यकतामा जान सक्दैन भने जस्तै यस अध्ययन क्षेत्रमा पनि गाँस, वास र कपासको समस्या समाधान नभई बादी बालबालिकाहरू शिक्षा आर्जनका लागि सहजै विद्यालयमा जान सकेका छैनन् । अत: विभिन्न किसिमका आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरी बादी समुदायका व्यक्तिहरूलाई सुलभ ऋण दिएर व्यवसाय गर्ने खालको वातावरण वा जागिरको सुनिश्चितता गरी आफ्ना बालबालिकाहरूलाई पढाउने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ ।

## चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने

अशिक्षाका कारण बादी समुदायका अभिभावकहरू आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पढाउन चासो दिँदैनन् भने सानै उमेरमा विवाह गरिदिने र छोराछोरीमा विभेद गर्ने खालका कामहरू भएको देखिन्छ । दहित (२०६२) ले जनताको चेतनास्तर माथि उठाउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै उनीहरूलाई साक्षर र जागरुक बनाउनु पर्दछ भनेका छन् । पाउलो फ्रेरे (१९७०) को सचेतीकरणको सिद्धान्तमा समाजमा पछि परेको वर्गलाई राष्ट्रिय मूलधारमा ल्याउनको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गनुपर्दछ भन्ने कुरा बताइएको छ । यस अध्ययन क्षेत्रमा पनि फ्रेरेले भनेझैं उत्पीडित, बादी जातिलाई शिक्षा दिई आफ्ना हक अधिकार खोज्ने अवस्था सिर्जना गर्न सकेमा उक्त समुदाय सचेत भई आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पठाउन उत्प्रेरित हुन देखिन्छ ।

## भेदभाव एवं छुवाछुत अन्त्य हुनुपर्ने

हरेक बालबालिकाको सिक्न पाउने अधिकारको संरक्षण गरी उनीहरूको वैयक्तिक भिन्नतालाई स्वीकार गर्न सक्नु पर्दछ । हरेक विद्यालयले समाजका सबै जाति, वर्ग, भाषा, लिङ्ग आदिका बालबालिकाहरूलाई समान व्यवहार गर्न सक्नुपर्दछ । जात वा वर्गको आधारमा भेदभाव गरी विद्यार्थीबिच छोइछिटो प्रथाको उन्मूलन गरी अनुकूल वातावरण सिर्जना गर्नुपर्दछ । विद्यार्थीहरू बिचको व्यवहार र शिक्षकले विद्यार्थीलाई गर्ने व्यवहारसमेत निष्पक्ष एवं पारदर्शी हुनु जरुरी छ । सेरिड (२००३) ले विद्यालयबाहिर

रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्नको लागि विभेदरहित वातावरण निर्माण गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यस अध्ययन क्षेत्रमा पनि भेदभाव एवं छुवाछुतको अन्त्य गर्न सकेमा बादी बालबालिकाहरू सहज रूपमा विद्यालयमा जाने वातावरण निर्माण हुन सक्ने देखिन्छ ।

## छात्रवृत्ति रकम वृद्धि एवं दिवा खाजाको व्यवस्था गरिनुपर्ने

विद्यालयमा विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्ति रकमले उनीहरूको शैक्षिक क्रियाकलापमा प्रत्यक्ष प्रभाव पार्दछ । विकसित राष्ट्रहरूले विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई पोषणयुक्त खाना, खाजा, पोसाक, पाठ्यपुस्तक, स्टेसनरी, प्रविधि लगायत हरेक कुरा नि:शुल्क व्यवस्था गरेका हुन्छन् । हाम्रो देशमा दातृ निकायबाट प्राप्त केही रकम समाजमा पछाडि परेका वर्ग, वर्ण, जाति, लिङ्गका समुदायलाई भनेर प्राप्त हुन्छ । त्यस रकममासमेत समाजका टाठाबाठाहरूकै नजर परेको हुन्छ । सरकारले विद्यार्थीहरूलाई नि:शुल्क पठनपाठन गर्ने भने तापनि शिक्षकको तलब भत्ता बाहेक शैक्षिक सुधार गर्ने प्रयोजनको लागि विद्यालयमा रकम नपठाउँदा बालबालिकाहरू चुहिने छानामुनि धुलोमा बसेर पढ्न बाध्य छन् । खानाको समस्याका कारण कतिपय बालबालिकाहरू भोकै विद्यालय जाने गरेका छन् । सरकारले दलित छात्रवृत्ति भनेर वार्षिक चारसय रुपियाँ. मात्र उपलब्ध गराउँछ । उक्त रकमले पोसाक स्टेसनरी केही किन्न पनि पुग्दैन । घरबाट भोकै विद्यालय आउने बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था मिलाउन सकेमा केही मात्रामा राहत हुने देखिन्छ । विद्यार्थीलाई दिइँदै आएको वार्षिक चारसय रुपियाँलाई वृद्धि गरी चार हजार रुपियाँ पुऱ्याउने व्यवस्था पनि गरिनुपर्ने कुरा अध्ययन क्षेत्रका सरोकारवालाहरूले व्यक्त गरेका थिए ।

## सिपमूलक शिक्षा एवं रोजगारीको सुनिश्चितता

“पढी लेखी के नै काम हलो जोते मामै माम” भन्ने पुरानो नेपाली उखान अध्ययन क्षेत्रमा अझै कायम भएको पाइयो । बादी समुदायका अभिभावकहरूले आफ्नो सिपअनुसारको कामको कुनै मूल्यांकन नभएको, आफूहरूले बनाएका मादलहरू बिक्री नभएर पेसा पलायन हुने अवस्था आएको कुरा व्यक्त गरे । कतिपय अभिभावकले आफ्ना बालबालिकाहरूलाई कक्षा १२ सम्म पढाएको तर उक्त पढाइबाट आफूहरूलाई कुनै फाइदा नभएको अर्थात १२ कक्षा उत्तीर्ण गरेर पनि अन्त्यमा गिट्टी कुट्ने र बालुवा चाल्ने काम नै गर्नु परेपछि किन पढ्नु पऱ्यो र ? भनी प्रतिप्रश्नसमेत गरे । यसरी हेर्दा

बादी समुदायको सिपलाई पलायन हुन नदिने गरी सिपमूलक शिक्षामा सरोकारवाला पक्षले ध्यान दिनुपर्ने देखिन्छ भने निश्चित तह उत्तीर्ण गरेका बादी बालबालिकाहरूलाई रोजगारीको सुनिश्चितता गर्न सकेमा उनीहरूमा पढ्नुपर्दछ भन्ने भावनाको विकास भई विद्यालय शिक्षामा पहुँच वृद्धि हुने देखिन्छ ।

## अध्ययनको प्राप्ति

बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच शीर्षकमा गरिएको अध्ययनमा नमुना छनोटमा परेका बादी समुदायको आर्थिक अवस्था ज्यादै कमजोर र दयनीय रहेको पाइयो । उनीहरूको खेतीपाती गर्ने जग्गा नभएको, सरकारले उपलब्ध गराएको थोरै जग्गामा विभिन्न संस्थाले सानो बुकुरेघर बनाइदिएको पाइयो भने अधिकांश बादी समुदायका मानिसहरू आफ्नो जीविका निर्वाहको लागि गिट्टी बालुवाको काम गर्ने गरेको पनि पाइयो । विद्यालय उमेरका करिब २५ प्रतिशत बालबालिकाहरू आफ्ना अभिभावकसँग काममा जाने गरेका छन् । विद्यालयमा जाने बालबालिकाहरू पनि अधिकांश भोकै विद्यालय जाने गरेका छन् । गरिबी, जनचेतनाको अभाव, विद्यालयको पढाइ र बादी समुदायको पेसाबिच तालमेल नहुँदा बादी जाति आफ्नो परम्परागत पेसा अपनाउनुको साटो ज्याला मजदुरी गर्न बाध्य भएका छन् । अध्ययन क्षेत्रमा जातीय विभेद पनि कायमै भएको पाइयो । विद्यालयमा अध्ययनरत १३/१४ वर्षको कलिलो उमेरमा विवाह भई पठनपाठनमा असर पुगेको साथै विद्यालय उमेरका बालबालिकाले घरायसी कामको बोझ लिनुपरेको समेत पाइयो । बादी समुदायका बालबालिकाहरूलाई विद्यालयमा सहजै पहुँच पुऱ्याउन उक्त समुदायमा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गनुपर्ने, चेतनामूलक कार्यक्रम सञ्चालन गरी सामाजिक विभेद तथा छुवाछुत प्रथाको व्यवहारमै उन्मूलन गर्नुपर्ने, बादी बालबालिकाहरूले प्राप्त गरेको छात्रवृत्ति रकम वृद्धि गर्नुपर्ने साथै सिपमूलक शिक्षा प्रदान गरी निश्चित तह उत्तीर्ण बादी समुदायका व्यक्तिहरूलाई रोजगारीको सुनिश्चिता गर्नुपर्ने कुरा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त भयो ।

## निष्कर्ष

शिक्षा देश विकासको मेरुदण्ड हो । समाज परिवर्तन र विकासको सम्वाहकको रूपमा शिक्षालाई लिइन्छ । शिक्षा मानिसको जन्मसिद्ध अधिकारको रूपमा स्थापित भएको छ । शिक्षा प्राप्त गर्न पाउनु हरेक नागरिकको अधिकार हो भने हरेक नागरिकलाई शिक्षित

बनाइनु राज्यको दायित्व हो । गरिबीका कारण अध्ययन क्षेत्रका बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा सहज पहुँच पुग्न सकेको छैन भने चेतनाको अभावमा अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई पढाउन चासो दिएका छैनन् । गरिबी, चेतानाको अभाव, समाजमा रहेको रुढिवादी परम्परा, छुवाछुत, जातीय विभेद, कुसंस्कार आदिका कारण बादी समुदाय अझैसम्म पनि उत्पीडित समुदायको रूपमा रहेको छ । उत्पीडित जातिको मुक्तिको सशक्त माध्यम शिक्षा हो भनी पाउले फ्रेरे (१९७०) ले भनेका छन् । तसर्थ समाजमा दबिएको जाति, वर्ग समुदायलाई शिक्षाको माध्यमबाटै सशक्तीकरण गरी राष्ट्रिय मूलधारमा ल्याउन जरुरी देखिन्छ । मानिसका आधारभूत आवश्यकता पूरा नभई अन्य आवश्यकताको विकास हुँदैन भन्ने मास्लो (१९४३) को सिद्धान्त यस अध्ययन क्षेत्रमासमेत लागु भएको देखिन्छ । गाँस, वास र कपासको समस्या नै समाधान नभएका कारण बादी समुदायमा शिक्षाप्रति चासो नभएको पाइन्छ । अध्ययन क्षेत्रका बादी समुदायको प्रमुख शैक्षिक समस्याहरू गरिबी, चेतनाको अभाव, आदि जस्ता कुराहरू देखिन्छन् भने उनीहरूका परम्परागत सिप र पेसा पलायन भएका छन् । नीतिमा राज्यले अवलम्बन गरेको सेवा सुधिवामा यस समुदायको पहुँच पुग्न सकेको छैन । आयआर्जनमूलक शिक्षा, चेतनामूलक कार्यक्रम, विभेदपूर्ण व्यवहारको अन्त्य, सिप र रोजगारमूलक शिक्षा आदि सञ्चालन गरी समाजमा पछि परेको, सीमान्तकृत दलितभित्रको पनि दलित भेनर चिनिने बादी समुदायलाई राष्ट्रिय मूलधारमा ल्याउनु राज्य एवं विभिन्न संघ संस्थाहरूको समेत कर्तव्य हो । अत: विगतका कार्यहरूको समीक्षा गर्दै नयाँ तरिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरी विद्यालयको पहुँच नपुगेका विपन्न बादी बालबालिकाहरूलाई पहुँच पुऱ्याउनेतर्फ सम्बन्धित सबैले ध्यान दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू

उपाध्याय, ईश्वर (२०६७), *अधिकारमा आधारित शिक्षा, शैक्षिक स्मारिका,* काठमाडौं : शिक्षा विभाग ।

कमिट नेपाल (२०७६), बादी समुदायको पहिचान तथा अवस्था विश्लेषण अध्ययन, बाँके : लेखक ।

किसान, यामबहादुर (२०७१), *नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण,* ललितपुर : समता फाउन्डेसन ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०७५), *शिक्षामा सोचान्तरण,* काठमाडौं : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

खनाल, पेशल (२०६८), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेन ।

खनाल, दिपक (२०७७), *थारु बालबालिकाहरूको शैक्षिक अवस्था,* काठमाडौं : त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रमा प्रस्तुत अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन ।

खनाल, दिपक (२०७७), *शिक्षकको पेसागत सन्तुष्टि एक अधयन,* काठमाडौं : त्रि.वि. शिक्षाध्यक्षको कार्यालय अनुसन्धान निर्देशनालयमा प्रस्तुत अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन ।

गुरुङ, हर्क (२०६३), *जनजाति सेरोफेरो ,* काठमाडौं : नेपाल आदिवासी महासंघ ।

दर्नाल, अशोक (२०७०), *दलन विरुद्धको प्रतिरोध,* ललितपुर : समता फाउन्डेसन ।

ढकाल, माधवप्रसाद (२०६६), *शिक्षाका आधारहरू,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

*नेपालको संविधान (२०७२),* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

नेपाली, गोपाल (२०६३), *तथ्याङ्कमासमेत बादी उपेक्षित,* काठमाडौं : बुधबार साप्ताहिक, वर्ष १२, अंक ३, मंसिर २० गते ।

नेपाल परिचय (२०७५), *सूचना तथा प्रसारण विभाग, काठमाडौ :* नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय ।

बराल, खगराज र अन्य (२०६६), *शैक्षिक विकासका बहुआयामिक चिन्तनहरू,* काठमाडौं : सोपान प्रकाशन ।

मजगैया, उत्तमकृष्ण (२०५६), *अपराजिता,* काठमाडौं : समता प्रकाशन प्रा.लि. ।

मुलुकी देवानी ऐन र कार्यविधि (२०७४), *कानुन किताब व्यवस्था समिति,* काठमाडौं : नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

युनेस्को, (२०६३), *समाहित शिक्षा र बालमैत्री विद्यालय,* काठमाडौं : लेखक ।

रसाइली, मेघराज (२०७६), *आन्तरिक विभेदको वृतान्त, दलित र गैर दलितभित्रका विभेद र छुवाछुत,* ललितपुर : समता फाएन्डेशन ।

विष्ट, डोरबहादुर (२०५५), *सबैजातको फूलबारी* काठमाडौं : साझा प्रकाशन ।

शर्मा, गोपीनाथ (२०६०), *नेपालको शैक्षिक इतिहास,* काठममाडौं : मकालु बुक्स एन्ड स्टेसनरी ।

शिक्षा ऐन २०२८, *नवौं संसोधन र शिक्षा नियमावली २०४९* (आठौं संसोधन) सहित ।

शिक्षक शिक्षा (२०६४), *शैक्षिक जनशक्ति विकास केन्द्र, वर्ष ४, अंक १,* भक्तपुर : सानोठिमी ।

सविता, बिमली (२०७४), *बादी पीडाको दस्तावेज,* ललितपुर : देश सञ्चार ।

CERID, (1998). *Participatory approach to education for dalits of Nepal*. Kathmandu : Author.

CERID, (2003). *Out of school adolescents in Nepal*. Kathmandu : Author.

CERID, (2006). *Literacies from a matlti lingual perspectives : Learning from Tharu,Tamang, Newarand and Limbhu language communities of Nepal.* Kathmandu : Author.

Cresswel, John W. (2012). *Educational Research:Planning Conducting and Evaluating Quantitative and Qualitatie Research.* Pearson .

Khati, Radhaber D. (2006). *Introducation to Research Methods.* Kathmandu : Third Eyw Publications.

Kumar, R. (2006). *Research methodology.* India : Pearson education.